# आर्थिक बर्ष २०८२/८३ को

# बजेट बक्तव्य

बोगटान फुडसिल गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
डोटी

[illegible] देवी बम
उपाध्यक्ष

# बोगटान फुडसिल गाँउपालिका
## १९ औ गाँउशभाको पहिलो बैठकमा
## पालिका उपाध्यक्ष श्री बिष्ना देबि बम ज्यू बाट
## प्रस्तुत आर्थिक बर्ष २०८२/८३ को बजेट बक्तव्य

**गाँउसभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी एवं संचारकर्मी मित्रहरु,**

नेपाली जनताको लामो संर्घषबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सहितको नेपालको संविधानको प्रवन्ध बमोजिम जनताको घरदैलोमा रहेको स्थानीय सरकार बोगटान फुडसिल गाँउपालिकाको आ.व. २०८२।०८३ को बार्षिक वजेट तथा कार्यक्रम सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ। म आज १९औ गाँउसभाको अधिवेशनमा आगामी आ.व. २०८२।८३ को आय व्ययको विवरण प्रस्तुत गर्न उपस्थित भएको छु।

जनअधिकार र लोकतन्त्र प्राप्तिका सबै आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात र अज्ञात शहिदहरु प्रति नमन गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। लोकतन्त्र पुर्नवहाली पश्चात राज्यको पुनरसंरचना भई संघियता कार्यान्वयनको सन्दर्भमा स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर दिनुहुने सम्पूर्ण पालिकावासी दिदीवहिनी र दाजुभाइहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

हामी सम्बृद्ध र आत्मनिर्भर बोगटान फुडसिल बनाउने दीर्घकालीन लक्ष्य अनुरुप आर्थिक, सामाजिक एवं लैंगिक समानता तथा सामाजिक समावेशीकरण समेतको विकासको मौलिक ढाँचामा अघि वढिरहेका छौं। उत्पादनका मार्फत उच्च आर्थिक बृद्धि सामानुपातिक र न्यायपूर्ण वितरणबाट उचित प्रतिफल हासिल गर्न क्रियाशील रहेका छौ। सबै बोगटान फुडसिलवासी नागरिकका लागि मर्यादित जीवन, स्वच्छ खानेपानी, न्यूनतम खाद्य सुरक्षा, आधारभूत स्वास्थ्य र शिक्षा, सुरक्षित आवास, भौतिक पूर्वाधार विकास, कृषि र पशुको क्षेत्रमा व्यवसायीकरण गरी उत्पादन बृद्धि र बजारीकरण, स्थानीय स्तरमै रोजगारी सृजना जस्ता क्षेत्रलाई बजेट तर्जुमा गर्दा प्राथमिकतामा राख्दै यो वजेटको निर्माण गरेको छु।

आगामी वर्षको बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानुनहरु, संघीय सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, पालिकाको निती तथा कार्यक्रम, दीगो विकास लक्ष्य, चुनावी प्रतिवद्धता पत्र, हालसम्म गाँउसभाबाट बनेका विविध कानुनहरु, वस्ती तथा वडाभेलाका सुझावहरु, विषयगत समितिका छलफल र विश्लेषणहरु, कार्यपालिकाका निर्णयहरुलाई मुख्य आधार बनाएको छु। साथै राजनितिक दल, बुद्धिजीवि, नागरिक समाज, विभिन्न क्षेत्रका विज्ञहरु, गाँउवासीहरुसँगको भेटघाट

तथा विभिन्न सम्बादका निष्कर्षहरु र सरोकारवालाहरुबाट प्राप्त भएका महत्वपूर्ण सुझावहरुलाई समेत बजेट निर्माण गर्दा महत्व दिएको छु ।

**सभाका अध्यक्षज्यू,**

हाम्रो पालिकाको प्राकृतिक स्रोतको सम्भाव्यता, आर्थिक, सामाजिक विकास पूर्वाधारको उपलब्धता, संस्थागत क्षमतालाई ध्यानमा राखी बार्षिक बजेट तर्जुमा गर्ने प्रयास गरिएको छ। जनताका आवश्यकता र चाहना असिमित छन, तर हामीसँग भएको स्रोत र साधनले असीमित ईच्छा र चाहनाहरु पुरा गर्न सम्भव नभए पनि आवश्यकता, औचित्यता र प्राथमिकतालाई ध्यानमा राखी प्रस्तुत बजेट तर्जुमा गर्ने प्रयास गरेको छु।

## बजेटको उद्देश्यः-

१. कृषि, पशुपालन, पर्यटन लगायतका क्षेत्रमा लगानी गरी उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्ने।
२. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।
३. जीवन उपयोगी मुल्यमा आधारित शिक्षाका माध्यमबाट सक्षम र असल जनशक्ति उत्पादन गर्ने।
४. नागरिक सेवालाई गुणस्तरीय, छिटो, छरितो र पारदर्शी बनाउँदै सुशासनमा जोड दिने ।
५. रोजगारीका विभिन्न अवसरहरु सृजना गर्न सीप विकासमा जोड दिने ।
६. स्थानीय स्रोत साधनको प्रयोग र जनसहभागिताको परिचालनबाट दीगो र वातावरण मैत्री विकासमा सहयोग पुर्याउने ।
७. सामाजिक समावेशीकरणको माध्यमबाट आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रको विकासमा सहयोग पुर्याउने ।
८. आर्थिक विकासको माध्यमबाट गरीबी न्यूनिकरण गर्दै आत्मनिर्भरता तर्फ उन्मुख गराउने ।
९. दीगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्दै लक्ष्य प्राप्तिमा सहयोग पुर्याउने ।

**सभाका अध्यक्षज्यू,**

अव म आगामी आर्थिक बर्ष २०८२।०८३ को आय व्ययको अनुमान प्रस्तुत गर्न अनुमति चाहान्छु।



[stamp] ... देवी बम
उपाध्यक्ष

# १. आय तर्फ:-

## क. आन्तरिक आय अनुमान

| सि.नं. | शिर्षक | रकम रु. | अक्षरुपी |
|---|---|---|---|
| १ | भूमिकर/मालपोत कर | ५,६०,००० | पाँच लाख साठी हजार |
| २ | सम्पति कर | १,००,००० | एक लाख |
| ३ | घर वहाल कर | ३०,००० | तीस हजार |
| ४ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ७०,००० | सत्तरी हजार |
| ५ | व्यवसाय नविकरण दस्तुर | ५०,००० | पचास हजार |
| ६ | अन्य कर | २०,००० | बीस हजार |
| ७ | व्यवसाय कर | २०,००० | बीस हजार |
| ८ | सरकारी सम्पतीको वहालबाट प्राप्त आय | ५,५०,००० | पाँच लाख पचास हजार |
| ९ | कृषि उत्पादनको विक्रिबाट प्राप्त आय | १०,००० | दश हजार |
| १० | नक्सापास दस्तुर | ५,००० | पाँच हजार |
| ११ | सिफारिस दस्तुर | २,५०,००० | दुई लाख पचास हजार |
| १२ | व्यक्तिगत घटना दर्ता दस्तुर | २,००,००० | दुई लाख |
| १३ | परिक्षा शुल्क | ६,००० | पाँच हजार |
| १४ | बेरुजु असुल | ५,००,००० | पाँच लाख |
| १५ | गत बर्षको बैंक मौज्दात | २०,००,००० | बीस लाख |
| | **जम्मा** | **४३,७१,०००** | **त्रिचालीस लाख एकहत्तर हजार** |

## ख. संघीय/प्रदेश सरकारबाट प्राप्त हुने राजश्व तथा अनुदान

| सि.नं. | अनुदानको प्रकार | रकम रु. | अक्षरुपी |
|---|---|---|---|
| १ | संघीय सरकार समानिकरण अनुदान | ९,३०,००,००० | नौ करोड तीस लाख |
| २ | संघीय सरकार राजश्व बाँडफाँड | १०,५७,००,००० | दश करोड सन्ताउन्न लाख |
| ३ | संघीय सरकार ससर्त अनुदान | २१,३०,००,००० | एक्काईस करोड तीस लाख |
| ४ | संघीय सरकार समपुरक अनुदान | ८८,००,००० | अठासी लाख |
| ५ | प्रदेश सरकार समानीकरण अनुदान | ७६,७१,००० | छयाहत्तर लाख एकहत्तर हजार |



(राज्ञा देवी बम
सभाध्यक्ष)

कैलाश/दिउरिसिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...चौपारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४



| | | | |
|---|---|---|---|
| | प्रदेश सरकार राजश्व बाँडफाँड | ३३,७८,००० | तेत्तीस लाख अठहत्तर हजार |
| ७ | प्रदेश सरकार ससर्त अनुदान | ९१,००,००० | एकानब्बे लाख |
| ८ | प्रदेश सरकार समपुरक अनुदान | १,१६,००,००० | एक करोड सोह लाख |
| जम्मा | | ४५,२२,४९,००० | पैचालिस करोड बाईस लाख उन्पचास हजार |

| | | |
|---|---|---|
| ग. कुल जम्मा आय अनुमानः- | ४५,६६,२०,००० | पैचालिस करोड छयासठ्ठी लाख बीस हजार |

## २. ब्यय तर्फः-

### सामाजिक विकास

| | | | |
|---|---|---|---|
| १. | शिक्षा | २,५०,००,००० | दुई करोड पचास लाख |
| २. | स्वास्थ्य | ४५,००,००० | पैचालीस लाख |
| ३. | खानेपानी तथा सरसफाई तथा वास कार्यक्रम | १५,००,००० | पन्ध्र लाख |
| ४. | महिला तथा बालबालिका तथा जेष्ठ नागरिक | १०,००,००० | दश लाख |
| ५. | पोषण | १०,००,००० | दश लाख |
| ६. | महिलासंग उपाध्यक्ष कार्यक्रम | ११,००,००० | एघार लाख |
| ७. | खानेपानि पुर्वाधार निर्माण | ३०,००,००० | तीस लाख |
| ८. | न्यायिक समिति | ८,००,००० | आठ लाख |
| ९. | लक्षित वर्ग | ३५,००,००० | पैतीस लाख |
| १०. | सिप विकास कार्यक्रम | ५,००,००० | पाँच लाख |
| | जम्मा | ४,१९,००,००० | चार करोड उन्नाईस लाख |

### आर्थिक विकास



...ष्णा देवी वम
उपाध्यक्ष

| | | | |
|---|---|---|---|
| १ | कृषि | ६५,००,००० | पैसठ्ठी लाख |
| २ | पशु | ४५,००,००० | पैचालीस लाख |
| ३ | पर्यटन | २०,००,००० | बीस लाख |
| ४ | सिंचाई | ५१,००,००० | एकाउन्न लाख |
| ६ | प्रधानमन्त्री रोजगार | २५,००,००० | पच्चीस लाख |
| | **जम्मा** | **२,०६,००,०००** | **दुई करोड छ लाख** |

## पुर्वाधार विकास

| | | | |
|---|---|---|---|
| १ | संघीय सरकार समपुरक कोष | २२,००,००० | बाईस लाख |
| २ | प्रदेश सरकार समपुरक कोष | २९,००,००० | उन्तीस लाख |
| ३ | सुरक्षित नागरिक आवास | २१,००,००० | एक्काईस लाख |
| ४ | सडक तथा पुल | १,५१,००,००० | एक करोड एकाउन्न लाख |
| ५ | विद्युत तथा बैकल्पिक उर्जा | १५,००,००० | पन्ध्र लाख |
| ६ | अन्य सार्वजनिक पुर्वाधार निर्माण | ३०,००,००० | तीस लाख |
| ७ | अन्य समपुरक कोष | १,००,००,००० | एक करोड |
| | **जम्मा** | **३६८०००००** | **तीन करोड अठसट्ठी लाख** |

## वन तथा वातावरण

| | | | |
|---|---|---|---|
| १ | वातावरण तथा विपद व्यवस्थापन | २५,००,००० | पच्चीस लाख |
| २ | वन तथा हरियाली | ३,००,००० | तीन लाख |
| | **जम्मा** | **२८,००,०००** | **अट्ठाईस लाख** |

## सुशासन तथा संस्थागत विकास

| | | | |
|---|---|---|---|
| १ | संगठन, सेवा प्रवाह, कार्यालय संचालन तथा प्रशासनिक | ८,३६,१०,००० | आठ करोड छत्तीस लाख दहश हजार |
| | **जम्मा** | **८,३६,१०,०००** | **आठ करोड छत्तीस लाख दहश हजार** |

## वडागत बजेट

| | | | |
|---|---|---|---|
| १ | कृषि | ६५,००,००० | पैसठ्ठी लाख |
| २ | पशु | ४५,००,००० | पैचालीस लाख |
| ३ | पर्यटन | २०,००,००० | बीस लाख |
| ४ | सिंचाई | ५१,००,००० | एकाउन्न लाख |
| ६ | प्रधानमन्त्री रोजगार | २५,००,००० | पच्चीस लाख |
| | **जम्मा** | **२,०६,००,०००** | **दुई करोड छ लाख** |

## पुर्वाधार विकास

| | | | |
|---|---|---|---|
| १ | संघीय सरकार समपुरक कोष | २२,००,००० | बाईस लाख |
| २ | प्रदेश सरकार समपुरक कोष | २९,००,००० | उन्तीस लाख |
| ३ | सुरक्षित नागरिक आवास | २१,००,००० | एक्काईस लाख |
| ४ | सडक तथा पुल | १,५१,००,००० | एक करोड एकाउन्न लाख |
| ५ | विद्युत तथा बैकल्पिक उर्जा | १५,००,००० | पन्ध्र लाख |
| ६ | अन्य सार्वजनिक पुर्वाधार निर्माण | ३०,००,००० | तीस लाख |
| ७ | अन्य समपुरक कोष | १,००,००,००० | एक करोड |
| | **जम्मा** | **३६८००००० ** | **तीन करोड अठसट्ठी लाख** |

## वन तथा वातावरण

| | | | |
|---|---|---|---|
| १ | वातावरण तथा विपद व्यवस्थापन | २५,००,००० | पच्चीस लाख |
| २ | वन तथा हरियाली | ३,००,००० | तीन लाख |
| | **जम्मा** | **२८,००,०००** | **अट्ठाईस लाख** |

## सुशासन तथा संस्थागत विकास

| | | | |
|---|---|---|---|
| १ | संगठन, सेवा प्रवाह, कार्यालय संचालन तथा प्रशासनिक | ८,३६,१०,००० | आठ करोड छत्तीस लाख दहश हजार |
| | **जम्मा** | **८,३६,१०,०००** | **आठ करोड छत्तीस लाख दहश हजार** |

## वडागत बजेट

| | | |
|---|---|---|
| वडा कार्यालय चालू | ४४,१०,००० | चवालिस लाख दश हजार |
| वडा कार्यालय पुजिगत | २,४०,००,००० | दुई करोड चालीस लाख |
| जम्मा | २,८४,१०,००० | **दुई करोड चौरासी लाख दश हजार** |

| अन्य अनुदान | | | |
|---|---|---|---|
| १ | संघीय सरकार ससर्त अनुदान | २१,३०,००,००० | एक्काईस करोड तीस लाख |
| ३ | संघीय सरकार समपुरक अनुदान | ८८,००,००० | अठासी लाख |
| ४ | प्रदेश सरकार ससर्त अनुदान | ९१,००,००० | एकानब्बे लाख |
| ६ | प्रदेश सरकार समपुरक अनुदान | १,१६,००,००० | एक करोड सोह्र लाख |
| **जम्मा** | | २४,२५,००,००० | **चौबीस करोड पच्चीस लाख** |

| | | |
|---|---|---|
| **कुल व्यय अनुमान रु.** | **४५,६६,२०,०००** | पैचालीस करोड छयासठ्ठी लाख बीस हजार |

**सभाका अध्यक्षज्यू,**

उपरोक्त अनुसार बोगटान फुडसिल गाँउपालिकाको आगामी आ.व. २०८२।८३ को लागि आय तर्फ कुल जम्मा ४५ **करोड ६६ लाख २० हजार** र व्ययतर्फ ४५ **करोड ६६ लाख २० हजार** प्रस्ताव पेश गरेको छु। उल्लेखित बजेटमा सामाजिक सुरक्षा कार्यक्रम र गैरसरकारी क्षेत्रको बजेट समावेश गरिएको छैन। प्रस्तुत वजेट तथा कार्यक्रममा अनुमान गरिएको अघिल्लो वर्ष बाट ल्याएको रकम थप वा घट भएमा आवश्यकताको आधारमा सभाबाट निर्णय गरी कार्यान्वयन गर्न प्रस्ताव गर्दछु।

आगामी आ.व.मा गाँउपालिकाबाट लगाइने कर शुल्क र दस्तुरका लागि तयार गरिएको आर्थिक विधेयक २०८२ र आगामी आ.व. २०८२।८३ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको विनियोजन विधेयक २०८२ स्वीकृतिका लागि पेश गरेको छु।

**सभाका अध्यक्षज्यू,**

प्रस्तावित बजेटलाई वडास्तरबाट प्राप्त मागहरुको प्राथमिकता र आवश्यकताको आधारमा महत्वपूर्ण सल्लाह र सुझावसहित शीर्षकगत रुपमा छलफल गरी पारित गरिने विश्वास लिएको छु । बजेट आफैमा तथ्यमा आधारित अनुमान हो। यसको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लो प्रयास मात्र सम्भव छैन । तसर्थ राजनैतिक दल, सम्पूर्ण संघसंस्था तथा सम्पूर्ण पालिकावासीहरुको सामुहिक प्रयासबाट मात्र यो सम्भव छ। समग्र बोगटान फुडसिलको विकासबाट सम्बृद्धि प्राप्तिको लक्ष्यलाई ठोस रुपमा अगाडि बढाउँदै तर्जुमा

भएका योजना तथा कार्यक्रमलाई प्रभावकारी र वैज्ञानिक कार्यान्वयन गर्न सबै तिरबाट यथोचित सहयोग हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, पालिकास्तरका क्रियाशिल राजनीतिक दलहरु, आम संचार जगत, नागरिक समाज, गाउँबासी दाजुभाई तथा दिदिबहिनीहरु लगायत राष्ट्रसेवक कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु। बोगटान फुडसिल गाउँपालिकाको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, दातृ निकाय, सहयोगी संघसंस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म बोगटान फुडसिल गाउँपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद।

**मितिः-२०८२/०३/१०**

बिष्णा देबि बम
उपाध्यक्ष

बिष्णा देवी बम
उपाध्यक्ष